सबैको लागि न्याय सुनिश्चित गर्ने ।

# बागलुङ जिल्ला अदालत

बागलुङ

प्रशासन शाखा

गण्डकी प्रदेश

पत्र संख्या:- ०७६/७७

मिति:-२०७६/०९/०७

चलानी नः-

## सूचना सूचना सूचना

यस अदालतमा सेवा लिन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसँग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीका लागि दोभाषेमार्फत उनीहरुले बोल्ने मातृभाषालाई नेपाली भाषामा उल्था गरी सेवा गर्ने र सबै भाषाभाषिका न्यायका उपभोक्ताहरुलाई न्यायको समान पहुँचमा ल्याउन योग्य दोभाषे छनौट गरी दोभाषेको सेवा प्रयोग सम्वन्धी निर्देशिका, २०७२ को दफा ४ बमोजिम देहाय बमोजिमका योग्यता भएका ईच्छुक उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ साथै आफू जुन भाषाको दोभाषेका रुपमा सूचिकृत हुने हो सो भाषा सम्वन्धी ज्ञान भएको कुनै योग्यता सम्बन्धी प्रमाण पत्र भए सो समेत कागजातसमेत दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

<u>१. उम्मेदवारको योग्यता</u>

क) उल्था गर्ने भाषा मौखिक रुपमा राम्रोसँग बुझ्न बोल्न र लेख्न जान्ने हुनुपर्ने।

ख) सरकारी कामकाजको नेपाली भाषा राम्रोसँग बुझ्न बोल्न र लेख्न जान्ने हुनुपर्ने ।

<u>२. उल्था गर्नु पर्ने भाषाहरु-</u> अदालती काम कारवाहीमा आउन सक्ने जति सबै भाषाहरु ।

<u>३. दोभाषेको पारिश्रमिक-</u> तोकिए बमोजिम

<u>४. दरखास्त दिन अवधि-</u> सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।

५. अन्य आवश्यक जानकारीका लागि यस अदालतको फोन नं. ०६८-५२०२४२ मा सम्पर्क गर्न सक्नुहुनेछ।

(शा.अ.)

☎ ०६८-५२०२४२ मेलमिलाप गरौ, विवाद नबढाऔं । Email:info.dcbaglung@supremecourt.gov.np
"असमर्थ पक्षलाई नि:शुल्क कानूनी सेवा उपलब्ध छ ।"admin.dcbaglung@supremecourt.gov.np
website:- "http://www.supremecourt.gov.np/court/baglungdc"